नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

**(खेलकुद प्रवर्द्धन शाखा)**

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

**सिंहदरबार, काठमाण्डौं**
**नेपाल ।**

**पत्र संख्या :०८०/८१**
**चलानी नं :** ८६३

मिति- २०८०।१२।१८
ने.सं. ११४४ चिल्लागा, ६ आइतबार

विषय : राय /सुझाव तथा प्रतिक्रया उपलब्ध गराईदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयबाट तयार गरिएको संलग्न राष्ट्रिय खेलकुद नीति, २०८० को प्रारम्भिक मस्यौदा उपर मिति २०८१ वैशाख १७ गते भित्र यस मन्त्रालयको खेलकुद प्रवर्द्धन शाखाको इमेल moyssports@gmail.com मा राय/सुझाव तथा प्रतिक्रिया उपलब्ध गराउनुहुन सम्बन्धित सबै सरोकारवालाहरुमा जानकारीका लागि अनुरोध छ।

# राष्ट्रिय खेलकुद नीति २०८०

## नेपाल सरकार

## युवा तथा खेलकुद मन्त्रालय

## सिंहदरबार, काठमाडौं ।

## १.पृष्ठभूमि:

खेलकुदलाई मानव जीवनको अभिन्न अंग मानिन्छ । व्यक्तिको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक पक्षको सन्तुलित विकासको लागि खेलकुद अत्यावश्यक छ । खेलकुदले विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, भाषा, संस्कृति एवम् समुदायबीच सामाजिक एकता कायम गरी राष्ट्रिय एकतालाई सुदृढ गर्न सहयोग पुर्‍याउँछ । खेलकुदले अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रको गौरव, सान, मान तथा पहिचान स्थापित गराउनुका साथै कुटनीतिक सम्वन्धको विकास र विस्तार गर्न अहम् भुमिका खेलेको हुन्छ । खेलकुद क्षेत्रको विकास र विस्तारबाट रोजगारीका अवसर सृजना गरी आन्तरिक तथा वाह्य खेल पर्यटनको माध्यमबाट देशको अर्थतन्त्रलाई सुदृढ बनाउने महत्वपूर्ण आधार हो। राष्ट्रको प्रतिष्ठा वृद्धि गर्न र राष्ट्रिय विकासको अभियानलाई सार्थक बनाउन खेलकुदको योगदान महत्वपूर्ण रहेको हुन्छ ।

नेपालको संविधान अनुसार संघियताको कार्यान्वयनसँगै खेलकुदका गतिविधि संचालन तथा व्यवस्थापन गर्ने संयन्त्र बदलिएका छन् । संघ, प्रदेश र स्थानीय तहका सरकारमा खेलकुदसँग सम्वन्धित संस्थागत संरचना निर्माण भएका छन् र सोही अनुसार नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन् । विश्व खेलकुदमा विविधिकरण र विशिष्टिकरणका साथै नविनतम प्रविधिहरु अवलम्बन गरिएका छन् । खेलकुद क्षेत्रमा थप लगानीको माग भए अनुसार निजी क्षेत्र र विभिन्न निकाय समेतको साझेदारी आवश्यक देखिएको छ । खेल क्षेत्रलाई व्यवसायीकरण गर्नु पर्ने आवश्यकता महसुस गरिएको छ । संघ, प्रदेश र स्थानीय तहबिच एक अर्कामा सहकारिता, सह-अस्तित्व र समन्वय कायम गर्दै खेलकुदका गतिविधिलाई मार्गनिर्देश गर्न र तीनलाई प्रभावकारी, व्यवस्थित र समन्वयात्मक ढंगले अघि बढाई "सबैका लागि खेलकुद" भन्ने अभियानलाई साकार पार्न परिवर्तित परिवेश अनुसारको खेलकुद नीति बनाउनु आवश्यक छ ।

## १.१ ऐतिहासिक सन्दर्भ:

मानव विकासको क्रमसँगै जीवन रक्षा, मनोरञ्जन र प्रतिस्पर्धा गर्न परम्परागत रुपमा चल्दै आएका उफ्रने, दौडने, फ्याक्ने, धनुषबाँण, तरबार चलाउने, बाघचाल, डण्डीबियो, कुस्ती, कबड्डी आदि खेलबाट नेपालमा खेलकुदको शुरुवात भएको मानिन्छ । आधुनिक खेलको सुरुवात भने उन्नाइसौ शताव्दीको अन्त र वीसौ शताव्दीको पूर्वाद्धमा विदेश गई फर्किएका शासक, शैनिक, विद्यार्थी र नेपाल आएका विदेशी पर्यटकहरुबाट भएको पाइन्छ । खेलको क्रमश: विस्तार सँगै हरेक खेलसँग सम्वन्धित संघ बन्न थाले पछि भने

तीनीहरुलाई व्यवस्थापन गर्न संघको छाता संस्थाको रुपमा वि.सं २०१५ सालमा स्थापना भएको"राष्ट्रिय स्वास्थ तथा खेलकुद परिषद्", २०१७ सालमा "खेलकुद परिषद्" हुँदै २०२१ सालको ऐन जारी भए पछि "राष्ट्रिय खेलकुद परिषद्' को रुपमा क्रियाशील छ । खेलकुदका गतिविधिलाई व्यवस्थित बनाउन र बढी भन्दा बढी खेलाडीको सहभागिता गराउन तत्कालिन राज्य संरचना अनुसार क्षेत्रीय खेलकुद विकास समिति, अञ्चल खेलकुद विकास समिति र जिल्ला खेलकुद विकास समिति गठन गरी खेलक्षेत्रका जनशक्तिको लागि शिक्षण प्रशिक्षण र तालिम सुरु गरियो । विगतमा शिक्षा मन्त्रालय मातहत विभिन्न रुपमा जोडिएको खेलकुदको नेतृत्वदायी संयन्त्र भने २०५२ मंसिर १३ मा युवा, खेलकुद तथा संस्कृति मन्त्रालय हुँदै वि.सं. २०६५ देखि युवा तथा खेलकुद मन्त्रालयको रुपमा क्रियाशिल छ । खेलकुद गतिविधि संचालन गर्ने विद्यालय र महाविद्यालयहरू पनि विस्तार हुदै गए । वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धति योजना लागु भए पछि त्रिभुवन विश्वविद्यालयमा प्रविणता प्रमाणपत्र र स्नातक तहमा स्वास्थ्य तथा शारीरिक शिक्षालाई मूल विषयको रुपमा समावेश गरी खेलकुद गतिविधिलाई समेटियो। खेलकुदलाई केन्द्रित गरेर वि.सं. २०७५ देखि त्रिभुवन विश्वविद्यालय र वि.सं. २०७८ देखि गण्डकी विश्वविद्यालयमा खेलकुद विज्ञान विषयको अध्ययन अध्यापन सुरु गरियो ।

शिक्षा आयोग, २०११ देखिका शिक्षा सम्वन्धी विभिन्न प्रतिवेदन र नीतिहरूमा खेलकुद गतिविधिलाई विद्यालय र महाविद्यालयका शारीरिक शिक्षामा समाबेश गर्न थालियो । कानूनी रूपमा राष्ट्रिय खेलकुद विकास ऐन, २०२१ जारी भयो । पछि खेलकुद विकास ऐन, २०४८ र खेलकुद विकास नियमावली, २०४९ जारी भए । हाल राष्ट्रिय खेलकुद विकास ऐन, २०७७, राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ र राष्ट्रिय खेलकुद परिषद्का विनियमावलीहरु, कार्यक्रमगत निर्देशिका एंव कार्यविधिहरू र संघीयता कार्यान्वयन पछि प्रदेशगत खेलकुद सम्वन्धी ऐन तथा नियमावली कार्यान्वयनमा ल्याइएका छन् । खेलकुद नीतिको रूपमा भने पहिलो पटक राष्ट्रिय खेलकुद नीति, २०६७ जारी भइ हाल कार्यान्वयनमा रहेको छ।

अन्तराष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा सन् १९५१ मा नयाँ दिल्लीमा भएको पहिलो एसियाली खेलकुदमा नेपाल सहभागी भयो। ओलम्पिकमा सन् १९६४ र दक्षिण एशियाली खेलको पहिलो संस्करण सन् १९८४ देखि नेपालले सहभागिता जनाउदै आएको छ । एशियाली र दक्षिण एशियाली खेलमा उपलब्धि पनि हासिल गरेको छ । खेलसंघहरूको विकास र विस्तारसँगै अन्तराष्ट्रिय र क्षेत्रीय स्तरका च्याम्पियनसिपमा पनि नेपालको उपस्थिति रहदै आएको छ ।

विद्यालय तह देखि नै खेलकुदको विकास गर्ने उद्देश्यले वि.सं. २०२८ साल देखि जिल्लास्तरमा भलिबल र एथ्लेटिक्स समावेश गरी बिरेन्द्र शिल्ड प्रतियोगिता (हाल राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता) शुरु गरियो भने खेलाडीको व्यापक सहभागिता गराउने गरी संचालन हुने राष्ट्रिय खेलकुद प्रतियोगिता वि.सं. २०३९ साल

देखि थालनी भयो । यस्ता राष्ट्रिय खेलकुद प्रतियोगिताको निरन्तरता हालसम्म रहेको छ । प्रशिक्षण तथा प्रतियोगिता सञ्चालनका लागि खेलपूर्वाधारको विकास र विस्तार गर्न आवश्यक देखिएकोले वि.सं. २०१३ सालमा दशरथ रंगशाला (तत्कालिन सानो टुँडिखेल) को निर्माण गरियो । रंगशालाको हालको स्वरुप २०५५ सालमा तयार भएको हो । राष्ट्रिय खेलकुद परिषद्, शिक्षण संस्था, सामुदायिक संघसंस्था र निजी क्षेत्रबाट खेलपूर्वाधारहरु निर्माण भएका छन्। संघियता पश्चात प्रदेश र स्थानियतहमा पनि खेलपुर्वाधार निर्माणले गति लिएको छ । यसै गरी विधागत खेलपुर्वाधार निर्माणमा सरोकारवालाको चासो र सक्रियता बढदै गएको छ ।

## १.२ वर्तमान अवस्थाः

नेपालको संविधानले खेलकुदलाई संघ, प्रदेश र स्थानीय तहको साझा सूचीमा समेटी स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रुपमा विकास गर्ने विषय उल्लेख गरेको छ । खेलकुदको माध्यमबाट अनुशासित तथा स्वस्थ र सक्षम जनशक्ति तयार गरी राष्ट्र निर्माणमा सहयोग पुऱ्याउन राष्ट्रिय खेलकुद नीति, २०६७ ले मार्गनिर्देश गरेको छ । पन्ध्रौं आवधिक योजनाले सवै तह र उमेरका खेलाडीलाई खेलकुदमा सहभागी गराई प्रतिभावान् खेलाडीलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने साथै खेल पूर्वाधार विकास र खेलकुद गतिविधि संचालनमा सबै तहसंग समन्वय गरी निजी क्षेत्रलाई समेत प्रोत्साहन गर्ने रणनीति लिएको छ । खेलकुदका नीतिगत प्रावधानलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ तथा राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ जारी भइ कार्यान्वयनमा रहेका छन् । प्रदेश र स्थानीय तहले समेत खेलकुदसग सम्बन्धित कानून जारी गरी कार्यान्वयनमा ल्याएका छन् ।

संस्थागत संरचनाका रुपमा केन्द्रमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, नेपाल ओलम्पिक कमिटि, विभिन्न खेलसंघ र महासंघहरु रहेका छन् । प्रदेशमा युवा तथा खेलकुदसँग सम्वन्धित मन्त्रालय, प्रदेश खेलकुद विकास परिषद्/समिति र अन्तरगतका जिल्ला खेलकुद विकास समिति रहेका छन् । त्यसै गरी स्थानीय तहमा युवा तथा खेलकुद हेर्ने शाखा र गाउँ/नगर खेलकुद विकास समिति रहेका छन् । विभिन्न तहका शिक्षण संस्थाका पाठ्यक्रममा शारीरिक शिक्षा, खेल विज्ञान र खेलकुद क्रियाकलापहरु समावेश गरिएको छ । यसका साथै केन्द्रमा विभिन्न विभागीय (सुरक्षा निकाय मातहत) तथा निजी क्षेत्रका खेल संस्थाहरु र स्थानीय तहमा खेलकुदसँग सम्वन्धित क्लवहरू क्रियाशिल रहेका छन्।

अन्तराष्ट्रिय प्रतियोगिता मध्ये ओलम्पिकमा सन् १९६४ देखि हालसम्म विभिन्न खेलमा १५३ जना खेलाडी सहभागी भएका र तेक्वान्दो प्रदर्शन प्रतियोगितामा एक (१) काश्य पदक प्राप्त गरेको छ। एसियाली खेलकुदमा हाल सम्म (३) रजत (२४) कांस्य गरी कुल २७ पदक प्राप्त गरेको छ भने दक्षिण एसियाली खेलकुदमा हालसम्म विभिन्न विधामा गरी २०५ स्वर्ण, १८५ रजत, ३८८ कास्य गरी जम्मा ६९९ पदक प्राप्त भएका छन् । राष्ट्रिय खेलसंघ/महासंघ तथा अन्तराष्ट्रिय महासंघबाट आयोजना गर्ने अन्तरार्ष्ट्रिय प्रतियोगितामा नेपालको सहभागिता र सफलता क्रमशः बढिरहेको छ ।

प्रत्येक दुइ दुइ वर्षमा संचालन हुने राष्ट्रिय खेलकुद प्रतियोगिताको नवौं संस्करणमा सम्पन्न गरिएको छ जसमा विभिन्न ३६ खेल विधामा समावेश गरिएको थियो । हरेक खेलसंघले प्रत्येक वर्ष एउटा राष्ट्रिय स्तरको प्रतियोगिता आयोजना गर्ने प्रावधान रहेको छ । प्रत्येक वर्ष विद्यालयका विद्यार्थी खेलाडी सहभागी हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना हुदै आएको छ । यसका अतिरिक्त राष्ट्रिय खेलकुद परिषद् तथा अन्य खेलसंस्थाहरूले पनि राष्ट्रिय स्तरका विभिन्न प्रतियोगिताहरु संचालन गर्ने गरेका छन् । प्रदेश र स्थानीय तहमा पनि विभिन्न खेल विधाका प्रतियोगिता संचालन हुने गर्दछन् ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा विजेता खेलाडीको लागि पदक/स्थान अनुसारको पुरस्कारको व्यवस्था गरिएको छ । उत्कृष्ट र प्रतिभावान् खेलाडीलाई नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सम्वन्धित खेल संघसंस्था र निजी क्षेत्रसमेतबाट सम्मान, पुरस्कार तथा प्रोत्साहन गर्ने गरिएको छ।

राष्ट्रिय खेलकुद परिषद् अन्तरगत फुटबल तथा क्रिकेट रङ्गशाला, कभर्ड हल तथा खेलमैदानहरू रहेका छन् र तीनको बर्गिकरण गरी स्तर अनुसार प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुदैछन् । हरेक स्थानीय तहमा एक खेलग्राम बनाउने नेपाल सरकारको नीति अनुसार हाल २६५ स्थानीय तहका खेलग्रामहरू निर्माणाधिन अवस्थामा रहेका छन् । विभागीय क्लवसम्वद्ध सबै खेलका खेल पुर्वाधार रहेका छन् । निजी क्षेत्रबाट सञ्चालित जिमखाना, पौडी पोखरी, फुटसल, बन्जी जम्प, प्यारागलाइडिङ, र्याफ्टिङ, क्यानोइङ जस्ता साहसिक र पर्यटकीय खेलहरु व्यवसायिकरणतर्फ उन्मुख रहेका छन् । स्थानीय तह र विद्यालयहरुमा पनि बिभिन्न स्तरका खेल पूर्वाधार रहेका छन् ।

राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत खेल प्रशिक्षक, इन्जिनियर, चिकित्सक, खेलविज्ञ लगायत प्रशासनिक जनशक्ति कार्यरत रहेका छन् । विश्वविध्यालयको शारीरिक शिक्षा र खेलकुद विज्ञान विभागबाट पनि खेलकुद क्षेत्रका जनशक्ति उत्पादन भै रहेको छ ।

## १.३ समस्या, चुनौति र अवसर

**खेलकुदको क्षेत्रमा देहाय बमोजिमका समस्या, चुनैति र अवसरहरु रहेका छन् :**

**१.३.१ समस्याः**

खेलकुद क्षेत्रको अध्ययन, अनुसन्धान, विकास, विस्तार र व्यवसायिकरण सम्बन्धी दीर्घकालीन योजना नहुनु, खेलकुद संचालन र व्यवस्थापनमा स्थानीय, प्रदेश र संघीय सरकार बीचमा समन्वयको कमी हुनु, खेलकुदका खेलगत खेलकुद संघहरुको वर्गिकरण, व्यवसायिक क्षमता विकास र संस्थागत सुशासनको कमी हुनु, विद्यालय र विश्वविद्यालयमा खेलकुदलाई संस्थागत रुपमा व्यवस्थित गर्न नसक्नु, खेलकुदसंग सम्बन्धित खेल पूर्वाधार पर्याप्त र गुणस्तरीय नहुनु, खेलाडी र प्रशिक्षकहरूलाई नियमित र योजनावद्ध प्रशिक्षणको नहुनु, खेलकुद क्षेत्रको व्यवस्थित कार्यतालिका नहुनु, खेलाडीहरुको पहिचान र स्तर निर्धारण नहुनु; विधा अनुसारका खेल प्रशिक्षक र प्राविधिक जनशक्ति पर्याप्त नहुनु, बजेट विनियोजनमा खेलकुद क्षेत्रलाई प्राथिमकता नदिनु, परम्परागत तथा योग जस्ता दर्शनमा आधारित खेललाई व्यवस्थित गर्न नसक्नु, खेल क्षेत्रमा नविनतम प्रविधिको प्रयोग हुन नसक्नु, खेलाडीको भविश्यको सुनिश्चितताको व्यवस्था गर्न नसक्नु जस्ता समस्याहरु रहेका छन् ।

**१.३.२ चुनौतिः**

देशको सबै भागमा खेलकुद क्षेत्रमा सन्तुलित ढंगले विकास गर्न आधारभूत सुविधा सहितका खेलग्रामको निर्माण गर्न, राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड अनुसारका सुविधा सम्पन्न खेल पूर्वाधारको निर्माण गर्न, संघ, प्रदेश र स्थानीय तहका खेलकुदसँग सम्वन्धित संरचनामा आवश्यक प्राविधिक जनशक्ति *(प्रशिक्षक)* को उचित व्यवस्थापन गर्न, विभिन्न खेल विधामा प्रतिभावान् खेलाडीलाई स्वदेशमा जिविकोपार्जनको आधार सुनिश्चित गर्न, खेलकुदलाई व्यवसायिक र रोजगारमूलक क्षेत्रको रुपमा विकास गर्न, खेल क्षेत्रका नविनम् प्रविधि अवलम्वन गर्न, खेलकुद सम्वन्धी अनुसन्धानमूलक योजनाको निर्माण र कार्यान्वयन गर्न, विद्यालय र महाविद्यालयमा खेलकुद शिक्षकको व्यवस्था गर्न, खेलकुदको संघीय कार्यकारी निकायको सांगठनिक पुनः संचरना र कर्मचारी समायोजन गर्न, खेल संघहरुमा सुशासन कायम गर्न, अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा पदक प्राप्त गर्ने गरी खेलाडीको क्षमता विकास गर्न, खेलपर्यटनको माध्यमबाट लाभ उठाउन, परम्परागत खेलको संरक्षाण तथा प्रर्वर्द्धन गर्न, साहसिक तथा पर्वतीय खेलको विकास तथा विस्तार गर्न, खेलकुदमा निजी क्षेत्रको लगानी बढाउने जस्ता चुनौति रहेका छन् ।

### १.३.३ अवसर:

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलको लागि उपयुक्त हावापानी र भू-धरातल हुनु, विद्यालय तथा महाविद्यालयका विद्यार्थी र युवा तथा जनमानसको खेलकुद प्रति आकर्षण बढ्दै जानु, खेल क्षेत्रको विकासको लागि निजी क्षेत्रको सहभागिता बढदै जानु, खेल पर्यटनको प्रचुर सम्भावना हुनु, तीन तहका सरकार खेलकुद क्षेत्रको विकासका लागि क्रियाशिल रहनु जस्ता अवसरहरु रहेका छन् ।

### १.४ नीति निर्माणको आवश्यकता पहिचान:

नेपालको संविधान, ऐन, नियमलाई खेल क्षेत्रका संस्थागत संरचनासँग तादम्यता मिलाउन, खेलकुद क्षेत्रलाई विश्वव्यापी मूल्य र मान्यता अनुसार विकास र विस्तार गरी देशको पहिचान र प्रतिष्ठा अभिवृद्धि गर्न, प्रतिभावान् खेलाडी तथा वौद्धिक, अनुशासित र क्षमतायुक्त मानव संसाधनको विकास गरी खेलकुद क्षेत्रलाई उत्पादनमूलक क्षेत्रको रुपमा स्थापित गर्न मौजुदा खेलकुद नीतिमा समय सापेक्ष परिमार्जन गरी यो राष्ट्रिय खेलकुद नीति, २०८० तर्जुमा गर्न आवश्यक रहेको छ ।

## २. नीति मार्गदर्शन

### २.१ दुरदृष्टि: स्वास्थ्य, समृद्धि र सम्मानका लागि खेलकुद

### २.२ लक्ष्य:

खेलकुदको माध्यमबाट स्वस्थ, तन्दुरुस्त, सृजनशिल र अनुशासित जनशक्ति तयार गरी राष्ट्रको समृद्धि र प्रतिष्ठा अभिवृद्धि गर्ने ।

### २.३ उदेश्य:

२.३.१ खेलकुदलाई जनजीवनको अभिन्न अङ्गको रुपमा विकास गरी स्वस्थ, सक्षम र अनुशासित जनशक्ति तयार गरी राष्ट्र निर्माणमा योगदान पु-याउने,

२.३.२ संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यमा खेलकुद क्षेत्रको विकास र विस्तार गर्ने,

२.३.३ अध्ययन अनुसन्धानको माध्यमबाट खेलकुदमा नविनतम् प्रविधि र अभ्यासहरु अवलम्वन गरी खेलकुदलाई परिणाममुखी बनाउने,

२.३.४ खेलकुदको विकास र विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानीको लागि प्रोत्साहन गर्ने,

२.३.५ मनोरञ्जनात्मक, परम्परागत, साहसिक तथा पर्वतीय लगायतका खेललाई पर्यटन उद्योगको रुपमा विकास गरी राष्ट्रको आर्थिक विकासमा टेवा पु-याउने ।

२.३.६ अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता तथा प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै अन्तर्राष्ट्रिय जगतमा मुलुकको गौरव बढाउने,

# ३. नीति-मार्गदर्शनका प्रमुख अङ्गहरू

## ३.१ नीतिका मूख्य प्रावधान..

**माथिका उदेश्य प्राप्तिका लागि देहायका नीतिहरू अवलम्बन गरिनेछन्:**

**३.१.१** सवैको लागि खेलकुदको अवधारणा अनुरुप खेलकुद क्षेत्रलाई स्वस्थ, अनुशासित, मर्यादित एवं सुव्यवस्थित बनाउदै राष्ट्रिय विकासको अभिन्न अङ्गको रूपमा स्थापित गरिनेछ । (२.३.१)

**३.१.२** खेलकुदसँग सम्वद्ध निकायसँगको समन्वय र सहकार्यमा खेलकुद गतिविधिको विस्तार गरी खेलाडीमा रहेको अन्तरनिहित क्षमतालाई प्रष्फुटित गरिने छ । (२.३.१)

**३.१.३** खेलाडी, प्रशिक्षक र प्राविधिकको व्यवसायिक सीप र दक्षता वृद्धि गरी जीविकोपार्जनको अवसर प्राप्त हुने वातावरणको सिर्जना गरिने छ । (२.३.१)

**३.१.४** विशेष तथा पारा खेलकुदको विकास र विस्तारमा जोड दिइनुका साथै खेल क्षेत्रमा महिला सहभागितालाई अभिवृद्धि गरिने छ । (२.३.१)

**३.१.५** खेलकुदको क्षेत्रका गतिविधिलाई समन्वयात्मक ढंगले अघि बढाउन संघ, प्रदेश र स्थानीय तह बीचको सम्वन्धलाई सुदृढ र क्रियाशिल बनाइने छ । (२.३.२)

**३.१.६** खेलकुदका विद्यमान खेल पूर्वाधारको संरक्षण र स्तरवृद्धि गर्नुका साथै नयाँ पूर्वाधार निर्माणमा संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारीलाई समन्वयात्मक ढंगले अघि बढाइने छ । (२.३.२)

**३.१.७** खेलकुदको क्षेत्रमा स्वस्थ प्रतिस्पर्धात्मक वातावरण निर्माण गरी खेलकुदका गतिविधिलाई स्वच्छ, अनुशासित र मर्यादित बनाइने छ। (२.३.२)

**३.१.८** खेलकुदसम्वद्ध निकाय र खेल संघसस्थामा सुशासन कायम गरिने छ ।(२.३.२)

**३.१.९** देशको अनुकूल मौसम र भौगोलिक अवस्थाको लाभ लिन सकिने गरी नेपाललाई खेलकुद केन्द्र (Sports Hub ) को रूपमा विकास गरिनेछ । (२.३.३)

**३.१.१०** निजी क्षेत्र आकर्षित हुने गरी खेलकुदमा लगानीमैत्री वातावरण सिर्जना गरिने छ । (२.३.४)

**३.१.११** अध्ययन अनुसन्धानलाई खेलकुद क्षेत्रको अभिन्न अङ्गको रूपमा लिई विश्व खेलकुदमा प्रयोग भएका नविनतम् प्रविधिको प्रयोग, परम्परागत खेलको प्रवर्धन र नविनतम खेल अभ्यासमा जोड दिइनेछ। (२.३.५)

**३.१.१२** खेलकुद क्षेत्रको विकास र विस्तारको लागि खेलकुदसँग सम्वद्ध अन्तर्राष्ट्रिय निकाय र संस्थाहरूसङ्ग समन्वय र सहकार्य गरिनेछ । (२.३.६)

**३.१.१३** अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा खेलाडीको सहभागीता वृद्धि गर्नुका साथै पदक प्राप्त गर्न सक्ने गरी क्षमता विकास गरिने छ । (२.३.६)

### ३.२ रणनीतिहरू

**माथि उल्लिखित नीतिको प्रभावकारी कार्यान्वयनको लागि देहायका रणनीति अवलम्बन गरिने छन्:**

**३.२.१** विद्यालयलाई खेलकुद विकासको प्रारम्भिक थलोको रुपमा विकास गरी खेलकुद र शारीरिक शिक्षालाई विद्यालयको पाठ्यक्रममा समावेश गरिने छ । साथै विश्वविद्यालय तहमा शारीरिक शिक्षा र खेल विज्ञानको विस्तार गरिने छ । (३.१.१)

**३.२.२** खेलकुद सम्वद्ध निकायहरूलाई प्रोत्साहन गर्नुका साथै खेल क्षेत्रमा सम्लग्न व्यक्ति र पदाधिकारीको भुमिकालाई व्यवस्थित गर्न आचारसंहिता वनाई कार्यान्वयन गरिने छ । (३.१.१)

**३.२.३** विभिन्न किसिमका अपांगता भएका व्यक्तिहरूको रुचि र सम्भावना अनुसारका खेलकुदमा सहभागिता बढाउन प्रोत्साहन र सहजीकरण गरिनेछ । (३.१.२)

**३.२.४** महिलाको सहभागितालाई अभिवृद्धि गर्दै खेल क्षेत्रलाई लैङ्गिकमैत्री बनाइने छ । (३.१.२)

**३.२.५** विद्यालय तथा विश्वविद्यालय, सार्वजनिक संस्था, सरकारी तथा विभागीय निकाय र खेलसँग सम्वन्धित अन्य क्षेत्रमा खेलकुदका कार्यक्रमको विकास र विस्तार गरिने छ । (३.१.३)

**३.२.६** प्रतिभावान खेलाडी, प्रशिक्षक र निर्णायक (रेफ्री) का लागि विशिष्टिकृत प्रशिक्षणका अवसर प्रदान गर्ने बातावरण बनाइने छ । (३.१.४)

**३.२.७** खेलकुदसँग सम्वन्धित निकायका पदाधिकारी र कर्मचारीलाई क्षमता अभिवृद्धि कार्यक्रममा आवद्ध गरिने छ । (३.१.४)

**३.२.८** खेलाडी, प्रशिक्षक र निर्णायक (रेफ्री) को औपचारिक शिक्षामा निरन्तरता दिन शैक्षिक कार्यक्रम संचालन (विशेष परीक्षा सहितको) मा सहजीकरण गरिने छ । (३.१.४)

**३.२.९** सघ, प्रदेश र स्थानिय तहबीचको सम्वन्धलाई उदेश्यमूलक बनाउन "संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्वन्ध) ऐन, २०७७" बमोजिमका विषयगत समितिलाई क्रियाशिल बनाई खेलकुदका गतिविधिलाई सघन बनाइने छ । (३.१.५)

**३.२.१०** खेलकुद पूर्वाधारको बर्गिकरण गरी तोकिएको मापदण्डको आधारमा प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरिने छ । (३.१.६)

**३.२.११** नयाँ बन्ने सघीय खेल संरचना अन्तराष्ट्रिय मापदण्ड तथा प्रदेश र स्थानीय तहमा राष्ट्रिय मापदण्ड अनुसार निर्माण गरिने छ । (३.१.६)

**३.२.१२** राष्ट्रिय एन्टिडोपिङ एजेन्सीलाई स्रोत साधनयुक्त बनाई खेलकुदमा प्रतिवन्धित औषधि सेवन विरुद्ध क्रियाशिल बनाइने छ । (३.१.७)

**३.२.१३** विभिन्न खेलको लोकप्रियता, संभाव्यता र सफलताका सम्भावनाका आधारमा खेलको बर्गीकरण र प्राथमिकीकरण गरी स्रोत र साधनको प्रभावकारी रुपमा परिचालन गरिनेछ । (३.१.७)

**३.२.१४** खेलकुद क्षेत्रका क्रियाशील निकायमा सुशासन कायम गर्न आन्तरिक नियन्त्रण कार्यविधि बनाइ कार्यान्वयन गरिने छ । (३.१.८)

**३.२.१५** विमिन्न सामाजिक समूह र क्षेत्रको सास्कृतिक सम्पदाको रूपमा रहेका मनोरञ्जनात्मक र परम्परागत खेलको संरक्षण र सम्वर्धन गरी सामाजिक एकता र आयमूलक श्रोतको माध्यमको रूपमा विकास गरिने छ । (३.१.९)

**३.२.१६** खेलकुदलाई आयमूलक क्षेत्रको रुपमा विकास गर्न साहसिक तथा पर्वतीय खेलको विकास र विस्तार गरी निजी क्षेत्रसमेतको लागि प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गरिने छ । (३.१.९)

**३.२.१७** खेलकुदमा गरिने निजी तथा गैह्रसरकारी लगानीलाई व्यवस्थित गर्न लगानीको मापदण्ड बनाई लागु गरिनेछ । (३.१.१०)

**३.२.१८** संस्थागत सामाजिक उत्तरदायित्व (Cooperative Social Responsibility) अन्तरगतको खर्चलाई खेलकुद क्षेत्रमा योगदान गर्न सक्ने गरी नीतिगत समन्वय गरिने छ ।(३.१.१०)

**३.२.१९** निजीक्षेत्रबाट संचालन भएका पौडी पोखरी, जिमखाना र बन्जी जम्प, पाराग्लाइडिङ, रक क्लाइम्बिङ, माउन्टेन रन, माउन्टेन क्लाइम्बिङ जस्ता साहसिक खेल तथा पर्वतीय खेललाई व्यवस्थित गर्न संचालन मापदण्ड बनाई कार्यान्वयनमा ल्याइने छ । (३.१.११)

**३.२.२०** खेलकुद क्षेत्रमा प्रयोग भएका नविनतम् प्रविधिको अध्ययन र अनुसन्धान गर्न खेलकुद विज्ञ र अनुसन्धानकर्ताको विकासको लागि उपयुक्त कार्यक्रम ल्याइने छ । (३.१.१२)

**३.२.२१** खेलकुदका भैतिक पूर्वाधार निर्माण, प्रशिक्षण र प्रतियोगिता लगायतका क्षेत्रमा नविनतम् प्रविधिको प्रयोगको लागि श्रोत जुटाउन र आवश्यक जनशक्ति उत्पादन गर्न उपयुक्त वातावरण तयार गरिने छ । (३.१.१२)

**३.२.२२** खेलकुद सूचना व्यवस्थापन प्रणाली (SMIS) मार्फत खेलकुद सम्वन्धी तथ्याङ्कको व्यवस्थापन गर्नुका साथै खेल पत्रकारिता र सूचना प्रविधिलाई शसक्त बनाइने छ । (३.१.१२)

**३.२.२३** खेलकुद कुटनीतिको माध्यमबाट खेल क्षेत्रसँग सम्वन्धित अन्तर्राष्ट्रिय निकायसँगको सम्वन्धलाइ सुदृढ बनाई खेलकुद क्षेत्रबाट लाभ लिन सक्ने वातावरण बनाइने छ । (३.१.१३)

**३.२.२४** अन्तर्राष्ट्रिय खेल संघसंस्थासँग समन्वय र सहकार्य गरी बस्तुगत र प्राविधिक सहयोग जुटाउनुका साथै अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली खेलाडीको सहभागितामा वृद्धि गरिने छ । (३.१.१३)

**३.२.२५** राष्ट्रको खेलक्षेत्रको विकास र विस्तारमा योगदान पु-याउने राष्ट्रिय खेलाडी, प्रशिक्षक तथा खेलकुदसङ्ग सम्वन्धित निकायका व्यक्तित्वलाई निश्चित मापदण्डका आधारमा उत्प्रेरणामुलक र प्रोत्साहनमूलक कार्यक्रमहरू संचालन गरिने छ । (२.३.१४)

## ३.३. कार्यनीति

**माथिका रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि निम्न कार्यनीतिहरू अवलम्बन गरिनेछः**

### ३.३.१ विद्यालयमा खेलकुद

(क) विद्यालयको शैक्षिक पाठ्यक्रममा खेलकुद तथा शारीरिक शिक्षालाई अनिवार्य विषयको रूपमा समावेश गर्ने,

(ख) सबै विद्यालयमा खेलकुदका न्यूनतम भौतिक पूर्वाधार तथा सुविधाको व्यवस्था गर्ने,

(ग) माध्यमिक विद्यालयमा कम्तीमा एकजना तालिमप्राप्त शारीरिक शिक्षा तथा खेलकुद शिक्षकको दरवन्दी मिलाउने व्यवस्था गर्ने,

(घ) विद्यालयमा रहेका खेल प्रतिभाको विकास गर्न प्रशिक्षण संचालन गर्ने/गराउने,

(ङ) विद्यालयमा अतिरिक्त क्रियाकलापको अभ्यास र नियमित रुपमा खेलकुद प्रतियोगिताको आयोजना गर्ने।

(च) विद्यालयहरुको समग्र खेलकुद विकासका लागि विद्यालय खेलकुद महासंघको संरचना रहने छ ।

### ३.३.२ विश्वविद्यालय खेलकुद

(क) विश्वविद्यालयमा शारीरिक शिक्षा र खेल विज्ञान विस्तार गर्ने,

(ख) प्रत्येक विश्वविद्यालयमा खेलकुद सम्वन्धी वार्षिक कार्यक्रम बनाई लागु गर्ने,

(ग) प्रत्येक वर्ष अन्तर विश्वविद्यालय खेलकुद प्रतियोगिताको आयोजना गर्ने,

(घ) विश्वविद्यालयमा खेलकुदका न्यूनतम भौतिक पूर्वाधार निर्माण गर्ने,

(ङ) विश्वविद्यालयमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विश्वविद्यालय खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(च) विश्वविद्यालयले खेल क्षेत्रसम्वद्ध सरोकारवाला निकायसङ्ग समन्वय गरी अध्ययन अनुसन्धान गर्ने ।

(छ) विश्वविद्यालयहरुको समग्र खेलकुद विकासका लागि विश्वविद्यालय खेलकुद महासंघको संरचना रहने छ।

### ३.३.३ खेलकुदमा महिला सहभागिता

(क) अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताबाट पदक हासिल गर्ने महिला खेलाडीलाई खेल जीवन पश्चात औधोगिक प्रतिष्ठानसँग समन्वय गरी रोजगारी र स्व-रोजगारीको लागि सहजीकरण गर्ने,

(ख) उत्कृष्ट, उदीयमान तथा प्रतिभाशाली महिला खेलाडीका लागि नियमित प्रशिक्षणका अवसर प्रदान गर्न,

(ग) खेलकुदसम्वद्ध निकायमा महिलाको सहभागिता वृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम संचालन गर्ने,

(घ) चिकित्सा, मनोविज्ञान, समाजशास्त्र र खेल पत्रकारिता आदि क्षेत्रमा महिला जनशक्ति तयार गर्न शिक्षा, तालिम र प्रशिक्षणको व्यवस्था गर्ने,

(ङ) विद्यालय र विश्वविद्यालयमा महिला खेलाडीको लागि छात्रवृतिको व्यवस्था गर्ने,

(च) महिलाका लागि आवासीय खेलकुद सुविधा उपलव्ध गराउने ।

### ३.३.४ ज्येष्ठ नागरिकका लागि खेलकुद

(क) घरदैलो, जेष्ठ नागरिक भेलामार्फत ज्येष्ठ नागरिक लक्षित शारीरिक र मानसिक स्वास्थ्यसम्बन्धी विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ख) स्थानीय तहमा ज्येष्ठ नागरिक लक्षित योग, ध्यान, नृत्यगृह र प्रशिक्षण केन्द्र खोल्न र आवधिक रूपमा खेल प्रतियोगिता आयोजना गर्ने,

(ग) भेट्रान्स/मास्टर्स खेलाडीलाई अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी गराउने प्रवन्ध मिलाउने ।

### ३.३.५ विशेष र पारा खेलाडीका लागि खेलकुद

(क) पारा र विशेष खेलाडीको अध्ययनका लागि विद्यालय र विश्वविद्यालयमा आवासीय छात्रवृत्तिको व्यवस्था गर्ने,

(ख) पारा र विशेष खेलाडीका लागि आवश्यक बजेटको व्यवस्था गरी स्थानीय, प्रादेशिक तथा राष्ट्रिय प्रतियोगिता नियमित आयोजना गर्ने, गराउने,

(ग) पारा र विशेष खेलकुदका लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादन गर्न तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गर्ने,

(घ) अपाङ्गताको प्रकृति अनुसार उपयुक्त खेल पूर्वाधारको निर्माण गर्ने,

(ङ) अपाङ्ग खेलाडीका लागि खेलस्थल र खेलकुदसम्बन्धी निकायमा सांकेतिक भाषा, ब्रेल लिपि तथा लार्ज प्रिन्टको प्रयोग गरी खेल नियमबारे जानकारी दिने व्यवस्था लागु गर्ने ।

**३.३.६ सरकारी, गैह्रसरकारी र विभागीय निकायमा खेलकुद**

(क) सरकारी, गैह्रसरकारी र विभागीय निकायमा उपयुक्त खेल पूर्वाधार विकास गर्ने,

(ख) खेलकुद प्रतियोगिताको वार्षिक कार्यक्रम तय गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) संघ, प्रदेश र स्थानीय तह तथा मातहतका सम्वन्धित निकायमा खेलकुद विकास कोष रहने व्यवस्था गर्ने,

(घ) उत्कृष्ट खेलाडी तथा टिमलाई प्रोत्साहन गर्न विभिन्न पुरस्कार, सम्मान तथा वृत्तिविकासका कार्यक्रम संचालन गर्नें,

(ङ) सरकारी विभागीय टोलीका लागि आ-आफ्नै दक्ष प्राविधिक जनशक्ति विकास गर्ने तालिम प्रशिक्षणका कार्यक्रम संचालन गर्ने, गराउने,

(च) प्रत्येक निकायले कर्मचारी/मजदुर सहभागी गराई वर्षको एक पटक खेलकुद प्रतियोगिता आयोजना गर्ने।

**३.३.७ प्रतिभावान खेलाडीको खोजी, पहिचान र विकास**

(क) खेलाडीको खोजी, पहिचान र क्षमता उजागर गर्न विद्यालय तथा स्थानीय तहमा *Talent Hunt* कार्यक्रम सञ्चालन गर्ने,

(ख) प्रतिभावान खेलाडीका लागि एक प्रदेशको एक आवासीय सुविधा सहितको खेलकुद विद्यालयको स्थापना गर्ने,

(ग) तिनै तहका सरकारले प्रतिभावान् खेलाडीका लागि एकिकृत प्रतिभा विकास परियोजना संचालन गर्ने ।

**३.३.८ भौतिक पूर्वाधारको विकास र विस्तार**

(क) एक विद्यालय: एक खेल मैदान र एक स्थानीय तह: एक खेलग्राम नीतिको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रत्येक प्रदेशमा एउटा अन्तर्राष्ट्रियस्तरको बहुउदेश्यीय खेल ग्राम निर्माण गर्ने,

(ग) कुनै पनि शिक्षण संस्था (विद्यालय, कलेज, तथा विश्वविद्यालय) स्थापनाका लागि न्यूनतम खेलकुदको भौतिक पूर्वाधार निर्माण गर्ने,

(घ) अन्तर्राष्ट्रिय मापदण्डको खेल पूर्वाधार निर्माणका लागि विभिन्न दातृ निकाय र मित्रराष्ट्रसँग सहकार्य गर्ने,

(ङ) विद्यमान खेल पूर्वाधारको स्तर निर्धारण गरी संघ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने,

(च) आवश्यकता अनुसार खेलकुदका भौतिक पूर्वाधारको *Build, Operate, Own and Transfer (BOOT)* को अवधारणा अनुसार अघि बढाउने,

(छ) आवश्यकता र माग अनुसार अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका सुविधासम्पन्न भौतिक पूर्वाधार निर्माण गर्दै जाने ।

**३.३.९ परम्परागत र मनोरन्जात्मक खेल**

(क) समुदाय तथा स्थान विशेषमा प्रचलनमा रहेका परम्परागत र मनोरन्जनात्मक खेलको अध्ययन, अभिलेखिकरण, संरक्षण, सम्वर्दन र प्रतियोगिता संचालन गर्ने,

(ख) परम्परागत र मनोरन्जात्मक खेलको व्यापकता र लोकप्रियता अनुसार स्थानीय, प्रदेश तथा राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने,

(ग) सम्भाव्य परम्परागत र मनोरन्जात्मक खेललाई पर्यटन प्रवर्धनको माध्यमको रुपमा विकास गर्न प्रचार प्रसार र प्रवोधिकरण गर्ने ।

**३.३.१० साहसिक खेल र हाई अल्टिच्युड ट्रेनिङ सेन्टर**

(क) भौगोलिक विशेषता अनुसार संचालन गर्न सकिने साहसिक खेलको अध्ययन अनुसन्धान गर्ने,

(ख) बन्जी जम्प, पाराग्लाइडिङ, माउन्टेन रन, रक क्लाइम्बिङ, माउन्टेन क्लाइम्बिङ लगायतका साहसिक खेल संचालन र व्यवस्थापनमा निजी क्षेत्रलाई सम्लग्न गराउन प्रोत्साहनमूलक कार्यक्रम संचालन गर्ने,

(ग) प्रतिस्पर्धाको रुपमा संचालन गर्न सकिने साहसिक खेलको तालिम, प्रशिक्षण र प्रतियोगिता संचालन गर्ने,

(घ) साहसिक खेल संचालन सम्वन्धी मापदण्ड बनाई लागु गर्ने,

(ङ) हाई अल्टिच्युड ट्रेनिङ सेन्टरको सम्भाव्यता अध्ययन, अनुसन्धान, स्थापना, विकास र प्रवर्धन गर्ने ।

(च) नेपालमा सन्चालन हुने हाई अल्टिच्युड खेलसम्वन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार मार्फत खेल पर्यटनसङ्ग आवद्ध गर्ने,

(छ) हाई अल्टिच्युड ट्रेनिङ सेन्टरको लागि सरकारी तथा नीजी क्षेत्रबाट आबश्यक श्रोतको व्यवस्था गर्ने ।

**३.३.११ इलेक्ट्रोनिक खेल (इ-स्पोर्ट्‍स)**

(क) इ-स्पोर्ट्‍स सम्वन्धित खेलसंघको स्थापना, संचालन तथा क्षमता विकासका कार्यक्रम संचालन गर्ने,

(ख) इलेक्ट्रोनिक खेल (इ-स्पोर्ट्‍स) सम्वन्धी निर्देशिका बनाई लागु गर्ने,

(ग) एक प्रदेश: एक इ स्पोर्टस केन्द्र संचालन गर्ने,

(घ) देशभित्र विभिन्न समूहका बीचमा च्याम्पियनशीप प्रतियोगिता संचालन गर्ने,

(ङ) इ-स्पोर्ट्र्समा सम्लग्न हुने खेलाडीको लागि तालिम तथा प्रशिक्षणको व्यवस्था गर्ने,

(च) इ-स्पोर्ट्र्स सम्वन्धी अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि आर्थिक र प्राविधिक सहयोग गर्ने ।

**३.३.११ खेलकुद प्रशिक्षण तथा प्रतियोगिता**

(क) विद्यालयस्तरमा नियमित रूपमा खेलकुद प्रशिक्षण तथा प्रतियोगिताको आयोजना गर्ने,

(ख) स्थानीय, प्रदेश र संघमा खेलकुद सम्वन्धी तहगत प्रशिक्षण र प्रतियोगिताको आयोजना गर्ने,

(घ) खेलकुद क्षेत्रको जनशक्ति उत्पादन गर्न खेलकुद प्रशिक्षण प्रतिष्ठानको स्थापना गर्ने,

(ङ) खेलकुद प्रतियोगितामा सहभागिता अभिवृद्धिका लागि स्थानीय खेलकुद क्लब, निजी, सरकारी तथा गैरसरकारी संस्था लाई क्रियाशील बनाउने,

(च) पारा तथा विशेष खेलाडीका लागि प्रशिक्षण, तालिम तथा प्रतियोगिता आयोजना गर्ने, गराउने,

(छ) साहसिक, पर्यटकीय तथा मनोरञ्जनात्मक खेलकुद तालिम, प्रशिक्षण र प्रतियोगिता, सञ्चालन गर्ने,

(ज) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बृहत् खेलकुदका लागि नियमित प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्ने,

(झ) खेलको प्रकृति र लोकप्रियताको आधारमा खेलको वर्गिकरण गरी प्रशिक्षण र प्रतियोगिता संचालन गर्ने,

(ञ) अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने उच्च सम्भावना भएका खेलविधालाई प्राथमिकता दिई नियमित प्रशिक्षण सञ्चालन गर्ने,

(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल तालिकाको आधारमा विशेष प्रशिक्षण सञ्चालन गर्ने,

(ठ) अन्तर्राष्ट्रिय खेलको मूल्य, मान्यता अनुसार बृहत राष्ट्रिय खेलकुद प्रतियोगिता, दक्षिण एशियाली खेलकुद, एसियाली खेल तथा ओलम्पिक खेलको आयोजना, सञ्चालन तथा सहभागिताको व्यवस्था गर्ने,

**३.३.१२ खेलकुद र पर्यटन**

(क) आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गर्न साहसिक तथा पर्यटकीय खेलको नियमित प्रतियोगिताको आयोजना गर्ने,

(ख) साहसिक तथा पर्यटकीय खेलका आवश्यक खेल सामग्री आयातमा विशेष सहुलियतका लागि सहजिकरण गर्ने,

(ग) भौगोलिक विशेषताका आधारमा तुलनात्मक लाभ भएका निजी तथा राष्ट्रिय खेलकुद संघको सक्रिय साझेदारीमा आइस स्किइङ, आईस स्केटिङ, पारा ग्लाइडिङ, रक क्लाइम्बिङ, क्रसकन्ट्री दौड, राफ्टिङ, सरोबर नौकायन, हात्तीपोलो, गल्फ, हाई अल्टिच्यूड म्याराथन सहसिक र पर्वतीय खेलको अध्ययन, विकास र प्रवर्धन गर्ने

(घ) प्रत्येक दुई-दुई वर्षमा "बृहत राष्ट्रिय खेल महोत्सव" आयोजना गर्ने,

(ङ) प्रत्येक २/२ वर्षमा नेपालमा माउन्टेन स्पोर्टस् फेस्टिबल आयोजना गर्ने,

(च) साहसिक र पर्यटकीय खेलको अनुसन्धान गर्न रिसोर्स सेन्टरको स्थापना गर्ने,

(छ) धनुकाँड, चंगा, छेलो र घुँयत्रोजस्ता परम्परागत खेल महोत्सव आयोजना गर्ने ।

**३.३.१३ खेलकुदको व्यवसायीकरण**

(क) खेलकुदलाई व्यवसायको रूपमा विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरी खेलकुद पूर्वाधार निर्माण र खेलकुद प्रतियोगिता संचालन गर्ने,

(ख) खेलकुद सम्वद्ध संस्थाको खेलकुद गतिविधिको विस्तार गर्न उद्योग, कम्पनीसङ्ग समन्वय गर्ने,

(ग) विभिन्न व्यवसायी र कर्पोर्ट हाउसलाई खेलकुदका कार्यक्रम तथा प्रतियोगिताको प्रायोजन गर्न उत्प्ररित गर्ने,

(घ) प्रभिभावान खेलाडीलाई व्यवसायिक खेलमा आवद्ध गराउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल संस्थासङ्ग समन्वय गर्ने ।

**३.३.१४ खेल चिकित्सा विज्ञान**

(क) खेल चिकित्सा विज्ञानलाई संस्थागत रूपमा विकास गर्न आधुनिक प्रविधियुक्त स्पोर्टस् मेडिसिन एण्ड रिसर्च सेन्टर स्थापना गर्ने,

(ख) खेलाडीको शारीरिक तथा मानसिक स्वास्थ्य स्तरलाई तन्दुरूस्त राख्न नियमित स्वास्थ परीक्षणको व्यवस्था मिलाउने,

(ग) खेलकुदमा आवश्यक प्राविधिक जनशक्ति (एन्टिडोपिङ विशेषज्ञ, डाक्टर, पोषण विशेषज्ञ, स्वास्थ सहायक, नर्स, फिजियोथेरापिष्ट, ल्याब एसिस्टेन्ट आदि) को व्यवस्था मिलाउने,

(घ) खेलाडीको पोषण तथा स्वास्थ्य सम्वन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ङ) चिकित्सा विज्ञानसम्बन्धी नयाँ ज्ञान र अनुभव आदानप्रदान गर्न विभिन्न सेमिनार, गोष्ठी आदि सञ्चालन गर्ने,

(च) अन्तर्राष्ट्रिय अभिसन्धि अनुसार खेलकुदमा प्रतिबन्धित औषधिबारे गोष्ठी छलफल मार्फत खेलाडीमा चेतना अभिबृद्धि गर्ने तथा एन्टिडोपिङ टेष्टलाई सहज बनाउने ।

**३.३.१५ खेल पत्रकारिता र सूचना प्रविधि**

(क) खेलकुद पत्रकारिताको विकास र विस्तामा सहयोग पु-याउन केन्द्र तथा प्रदेशमा "स्पोर्टस् मिडिया सेन्टर" को स्थापना गर्ने,

(ख) विभिन्न अन्तर्राष्ट्रिय खेलकुद गतिविधिमा खेलकुद पत्रकारको सहभागिताका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने,

(ग) मुलुकको खेलकुद विकासमा योगदान दिने खेल पत्रकार, सञ्चार माध्यम तथा संघसंस्थालाई पुरस्कार र सम्मानको व्यवस्था गर्ने,

(घ) खेलकुद पत्रकारको क्षमता विकासका लागि खेलकुद सम्बन्धी ज्ञानबर्धक कार्यक्रम संचालन गर्ने ।

**३.३.१६ खेलकुद सामग्री उत्पादन**

(क) स्वदेशमै खेलकुद सामग्री उत्पादनको सम्भाव्यता सम्वन्धमा निजी क्षेत्रसँगको सहकार्यमा अध्ययन गरी उत्पादकलाई आवश्यक सहयोग एवं सहुलियत उपलब्ध गराउन सहजिकरण गर्ने, गराउने,

(ख) आयात प्रतिस्थापन गर्ने गरी स्थानीय कच्चा पदार्थको प्रयोग गरी खेल सामग्रीको उत्पादनमा जोड दिने,

(ग) खेलकुद उद्योग प्रवद्र्धन गर्नका लागि आवश्यक सामग्री आयातमा सहुलियत प्रदान गर्ने ।

**३.३.१७ खेलकुद तथा वातावरण**

(क) खेलकुद पूर्वाधार निर्माणमा वातावरणीय पक्षलाई आन्तरिकिकरण र जलवायु उत्थानशील बनाउने,

(ख) खेलकुद क्षेत्रमा जलवायु परिवर्तन सम्वन्धी सचेतना जगाउन गोष्ठी छलफल गर्ने,

(ग) खेलकुदका भौतिक पूर्वाधार वरपर वृक्षारोपण गरी वातावरण मैत्री बनाउने,

(घ) खेलकुद प्रशिक्षण एवं प्रतियोगितास्थल वरपर सरसफाई, खानेपानी तथा ढलको राम्रो व्यवस्था गर्ने,

(ङ) केन्द्र, प्रदेश र स्थानीय तहका खेलकुद निकायमा खेलकुद र वातावरणमा सामञ्जस्यता ल्याउन छुट्टै समिति बनाई कार्य गर्ने ।

**३.३.१८ आर्थिक स्रोत परिचालन र व्यवस्थाः**

(क) खेल क्षेत्रको विकास र विस्तारका लागि तीनवटै तहका सरकारबाट लगानी बढाउने,

(ख) देशका संस्थागत शिक्षण संस्थाले विद्यार्थीबाट खेलकुदका लागि संकलन गर्ने शुल्कलाई खेलकुद विकासमा नै लगानी गर्ने व्यवस्था मिलाउने,

(ग) खेलकुद विकासका लागि विभिन्न दातृ राष्ट्र, विदेशी संस्था तथा दाताबाट वैदेशिक सहयोग जुटाउन पहल गर्ने,

(घ) खेल क्षेत्रको विकासमा केन्द्र, प्रदेश र स्थानीय तहले कम्तिमा ५ प्रतिशत रकम विनियोजित गर्नुपर्ने नीति अख्तियार गर्ने,

(ङ) संस्थागत सामाजिक उत्तरदायित्व *(Cooperative Social Responsibility)* अन्तरगत उद्योग तथा प्रतिष्ठानलाई खेलकुदका पूर्वाधार निर्माण देखि अन्य गतिविधि संचालनमा सहयोग गर्न समन्वय गर्ने।

**३.३.१९ खेल वर्गीकरण तथा प्राथमिकता निर्धारण**

(क) खेलकुदको विकास तथा विस्तार र व्यवसायीकरणका लागि अन्तर्राष्ट्रिय प्रतियोगितामा प्राप्त गरेको सफलता, राष्ट्रियस्तरमा खेलले प्राप्त गरेको लोकप्रियता, लगानीको सम्भावना, खेलको विकास तथा विस्तारको लागि सम्भाब्यता आदिका आधारमा खेलको बर्गीकरण गरी प्राथमिकिकरण गर्ने,

(ख) खेलको वर्गीकरण र प्राथमिकताको आधारमा बजेट विनियोजन गर्ने नीति अबलम्बन गर्ने,

(ग) बजेट विनियोजनका लागि खेलको प्राथमिकीकरण गर्दा बार्षिक कार्यक्रमको नियमितता, कार्यक्रम सञ्चालनमा आन्तरिक स्रोत साधनको परिचालन, खेल विकास र विस्तारमा अग्रसरता आदिलाई आधारको रूपमा लिने,

(घ) कार्यक्रमको प्राथमिकीकरण गर्दा व्यवहारिकता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिने सहकार्य, सञ्चालित कार्यक्रमको उपलब्धि, खेल अनुशासन आदिको आधार लिने ।

(ङ) अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने उच्च सम्भावना भएका खेल विधालाई प्राथमिकता दिई नियमित प्रशिक्षण सञ्चालन गर्ने,

(छ) अन्तर्राष्ट्रिय खेलको मूल्य, मान्यता अनुसार बृहत राष्ट्रिय खेलकुद प्रतियोगिता, दक्षिण एशियाली खेलकुद, एसियाली खेल तथा ओलम्पिक खेलको आयोजना र सञ्चालन तथा सहभागितामा प्राथमिकता दिने,

(ज) बृहत राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रतिनिधित्व गर्ने खेलाडीको जिल्ला एवं प्रदेशस्तरीय छनौट प्रतियोगिता गर्ने तथा सम्बन्धित राष्ट्रिय संघले राष्ट्रिय खेलकुद परिषद्को समन्वयमा विशेष तयारी प्रशिक्षणका लागि व्यवस्था मिलाउने ।

**३.३.२० खेलाडीको भविष्य, मान, सम्मान र पुरस्कार**

(क) अन्तर्राष्ट्रियस्तरमा देशको प्रतिष्ठा अभिवृद्धि गर्ने राष्ट्रिय खेलाडीको भविष्य सुनिश्चित गर्न र सामाजिक मान, सम्मान प्रदान गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम तथा पुरस्कारको व्यवस्था गर्ने,

(ख) राष्ट्रको खेलकुद क्षेत्रमा योगदान पु-याउने प्राविधिक तथा प्रशासनिक कर्मचारी (खेल प्रशिक्षक, खेल विज्ञ, खेल विशेषज्ञ, खेल चिकित्सक, खेल मनोविज्ञ तथा अन्य) लाई सम्मान र प्रोत्साहन गर्ने,

(ग) खेलकुद क्षेत्रको विकासका लागि गरिने नीतिगत विषयका छलफलमा राष्ट्रका प्रतिष्ठित खेलाडी तथा प्राविधिक र खेलकुद सम्बन्धी विज्ञता हासिल गरेका व्यक्तिको प्रतिनिधित्व गराउने,

(घ) राष्ट्रिय खेलाडीको कल्याण र सहयोगका लागि संघ, प्रदेश र स्थानीय तहमा "खेलाडी कल्याणकारी कोष" को स्थापना गर्ने,

(ङ) राष्ट्रिय खेलाडी, प्रशिक्षक र अफिसियलको लागि राष्ट्रिय पोर्टफोलियो तयार गर्नुको साथै तिनको वर्गीकरणको आधारमा स्तर अनुसारको बीमाको व्यवस्था गर्ने,

(च) नेपालका लागि ओलम्पिक, एशियाली, दक्षिण एशियाली खेलकुद तथा सम्बन्धित खेलको विश्वस्तरीय र एशियास्तरीय च्याम्पियनशीप प्रतियोगिताबाट पदक विजेता खेलाडीलाई मापदण्ड बनाई आजीवन भत्ताको व्यवस्था गर्ने,

(छ) राष्ट्रिय खेलाडीलाई आफ्नो सक्रिय खेल जीवनपश्चात सरोकारवाला निकायसङ्ग समन्वय गरी रोजगारीको व्यवस्थाको लागी सहजीकरण गर्ने,

(ज) निश्चित मापदण्डको आधारमा देशका प्रतिष्ठित राष्ट्रिय खेलाडीलाई सद्भावना दूतको मान्यता प्रदान गर्न सम्वन्धित निकायसङ्ग समन्वय गर्ने,

(झ) राष्ट्रिय खेलाडीको जीविकोपार्जनका लागि व्यावसायिक सीप तथा दक्षता अभिवृद्धिका कार्यक्रम संचालन गर्ने,

(ञ) देशका सबै तहका विद्यालय तथा महाविद्यालयमा प्रतिभावान खेलाडीलाई अध्ययनका लागि निश्चित मापदण्ड बनाई छात्रवृत्तिको व्यवस्था गर्ने,

(ट) प्रतिष्ठित राष्ट्रिय खेलाडीले आफ्नो जीवनयापनका लागि रोजगारी प्राप्त गर्न नसकेको अवस्थामा विशेष खेलाडी भत्ताको व्यवस्था गर्ने,

(ठ) विभिन्न खेलकुदका कार्यक्रम तथा सभा समारोहमा नेपाली ओलम्पियन खेलाडीलाई उचित सम्मान र मर्यादित स्थान दिने,

(ड) केन्द्र, प्रदेश तथा स्थानीयस्तरमा प्रत्येक वर्ष "उत्कृष्ट वर्ष खेलाडी" चयन गरी उचित सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने ।

(ढ) राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षण तथा प्रतियोगितामा पारा तथा विशेष खेलाडीको सहभागिता बढाउन आवश्यक व्यवस्था गर्ने ।

**३.३.२१ तहगत समन्वय र सहकार्य**

**(क) खेलकुद सम्वन्धी संधका कार्य:**

(अ) खेलकुद सम्वन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड तर्जुमा तथा कार्यान्वयन र नियमन गर्ने,

(आ) खेलकुद सम्वन्धी विषयको अध्ययन र अनुसन्धान गर्ने,

(इ) खेलकुद सम्वन्धी अन्तराष्ट्रिय सस्थासँग सम्पर्क र समन्वय गर्ने,

(ई) खेलकुद प्रशासन र राष्ट्रिय संघसंस्थाको नियमन र समन्वय गर्ने,

(उ) राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा खुलकुद विकास र प्रवर्धन गर्ने,

(ऊ) राष्ट्रिय अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना र सहभागिता गर्ने,

(ए) राष्ट्रिय अन्तर्राष्ट्रियस्तरका खेल पूर्वाधारको निर्माण र सञ्चालन गर्ने,

(ऐ) राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा निजी क्षेत्रसङ्ग समन्वय तथा सहकार्य गर्ने ।

**(ख) खेलकुद सम्वन्धी प्रदेशका कार्य:**

(अ) खेलकुद सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा तथा कार्यान्वयन र नियमन गर्ने,

(आ) प्रदेश खेलकुद प्रशासन र संघसंस्थाको नियमन र समन्वय गर्ने,

(इ) प्रादेशिकस्तरमा खुलकुद विकास र प्रवर्धन गर्ने,

(ई) प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना र राष्ट्रिय प्रतियोगितामा सहभागिता गर्ने,

(उ) खेलकुद सम्वन्धी प्रादेशस्तरीय पूर्वाधारको निर्माण र सञ्चालन गर्ने,

(ऊ) प्रदेशस्तरीय खुलकुद कार्यक्रम संचालन र व्यवस्थापन गर्ने,

(ए) प्रदेशस्तरमा निजी क्षेत्रसङ्ग समन्वय तथा सहकार्य गर्ने ।

**(ग) खेलकुद सम्वन्धी स्थानीय तहका कार्य:**

(अ) स्थानीय स्तरमा खेलकुदको पूर्वाधार निर्माण, संचालन तथा विकास गर्ने,

(आ) खेलकुद प्रशासन र स्थानीय स्तरका खेल संघसंस्थाको नियमन र समन्वय,

(इ) खेलकुद विकास र प्रवर्धन गर्ने,

(ई) स्थानीयस्तरमा अन्तर विद्यालय खेलकुद प्रतियोगिताको आयोजना गर्ने,

(उ) राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगितामा सहभागिता गराउने,

(ए) स्थानीयस्तरमा निजी क्षेत्रसङ्ग समन्वय तथा सहकार्य गर्ने।

# ४. नीति कार्यान्वयन तथा श्रोत र जोखिम व्यवस्थापन

**४.१ संस्थागत व्यवस्था:**

**४.१.१** राष्ट्रिय खेलकुद नीति २०८० कार्यान्वयनका लागि आवश्यकता अनुसार संस्थागत संयन्त्र र संगठन संरचनाको व्यवस्था गरिनेछ । केन्द्रमा खेलकुद हेर्ने मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, राष्ट्रिय ओलम्पिक कमिटि, राष्ट्रिय एन्टिडोपिं एजेन्सी र खेलकुद संघ/महासंघ लगायतका संयन्त्रहरू रहने छन्। प्रदेशमा प्रदेश कानून बमोजिम खेलकुद हेर्ने मन्त्रालय, प्रदेश खेलकुद परिषद्, खेलकुद संघहरू र प्रदेशको मातहतमा जिल्ला खेलकुल विकास समिति रहने छन् । स्थानीय तहमा आवश्यक संयन्त्रहरू स्थापित गरी स्थानीय कानून बमोजिम संचालित हुने छन् ।

**४.१.२** संघ, प्रदेश र स्थानीय तहका खेलकुद गतिविधिलाई प्रभावकारी ढंगले समन्वय गर्नको लागि युवा तथा खेलकुद मन्त्रीको संयोजकत्वमा विषयगत समिति रहने छ । खेलकुद क्षेत्रको विकास र विस्तार गर्न अन्य आवश्यक संस्थागत व्यवस्था गर्न सकिने छ ।

**४.१.३** राष्ट्रिय खेलकुद परिषदको स्वरूपलाई परिवर्तन गरी चुस्त, छरितो र प्रभावकारी बनाइने छ ।

**४.२ वित्तीय श्रोत व्यवस्थापन:**

**४.२.१** खेलकुदका संस्थागत संरचना र राष्ट्रिय खेलकुद नीति अनुरुप खेलकुद गतिविधि संचालन गर्न सरकारी दायित्व सिर्जना हुनेगरी आवधिक योजनाका आधारमा संघ, प्रदेश र स्थानीय तहमा स्वीकृत वार्षिक कार्यक्रममा श्रोतको व्यवस्थापन हुनेछ ।

**४.२.२** नेपाल सरकारबाट प्राप्त रकम, अर्थ मन्त्रालयको स्वीकृतिमा वैदेशिक सहयोगबाट प्राप्त रकम, स्वदेशी संघसंस्थाबाट प्राप्त रकम र अन्य श्रोतबाट प्राप्त रकम जम्मा हुने गरी सम्वन्धित तहका कानून बमोजिम एक खेलाडी कल्याणकारी कोष रहने छ ।

**४.२.३** नेपाल सरकारको विकास सहायता नीतिको अधिनमा रही खेलकुद क्षेत्रमा प्राप्त हुने वैदेशिक सहायताको परिचालन एकद्वार प्रणालीबाट गरिने छ ।

**४.२.४** उद्योग, प्रतिष्ठान तथा अन्य निकायहरूले विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्नको लागि प्रायोजन गर्न सक्नेछन् ।

**४.२.५** खेलकुदसँग सम्वन्धित निकाय र संघसस्थाले प्रचलित कानून बमोजिम खेल पूर्वाधारको व्यवसायिक प्रयोगमार्फत आर्थिक श्रोत जुटाउन सक्ने छन् ।

### ४.३ कानूनी व्यवस्था:

४.३.१ राष्ट्रिय खेलकुद नीति २०८० कार्यान्वयन गर्नको लागि विद्यामान राष्ट्रिय खेलकुद विकास ऐन, राष्ट्रिय खेलकुद विकास नियमावली, क्षेत्रगत विनियमावली र निर्देशिकाहरूमा आवश्यकता अनुसार परिमार्जन गरी लागु गरिने छ ।

४.३.२ खेलकुद क्षेत्रका सरचना र गतिविधिहरू प्रदेशमा प्रदेश कानून र स्थानीय तहमा स्थानीय कानून बमोजिम व्यवस्थित हुनेछन् ।

**४.३.३** खेलकुद क्षेत्रको विकास र विस्तारको लागि सम्लग्न हुन चाहाने खेलकुद संघ संस्थालाई सहज दर्ता र नविकरणका लागि तीनवटै तहमा आवश्यक कानूनी व्यवस्था गरिने छ ।

### ४.४ वाधा अड्काउ फुकाउ:

यो नीतिको कार्यान्वयनमा वाधा आइपरे नेपाल सरकारले वाधा अड्काउ फुकाउ गर्ने छ ।

### ४.५ जोखिम व्यवस्थापन:

नीति कार्यान्वयको क्रममा देखिने जोखिम र तिनीहरूको व्यवस्थापनका सम्भाव्य उपाय देहायबमोजिम हुनेछन्:

### ४.५.१ जोखिम:

(क) संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सह-अस्तित्व र समन्वय प्रभावकारी नभए नीति कार्यान्वयनमा कठिनाइ हुने देखिन्छ ।

(ख) खेलकुद क्षेत्रमा राज्यको लगानी पर्याप्त हुन नसकेमा नीति कार्यान्वयनमा कठिनाइ हुने देखिन्छ ।

(ग) प्रदेश र स्थानीय तहबाट खेलकुद क्षेत्रले प्राथमिकता पाउन नसकेमा नीति कार्यान्वयनमा जोखिम रहने देखिन्छ ।

(घ) खेलकुद क्षेत्रको विकासको लागि निजी क्षेत्रको लगानी आकर्षित गर्न नसके नीति कार्यान्वयनमा जोखिम रहने देखिन्छ ।

(ङ) खेलाडी र खेलकुद क्षेत्रको विकासमा खेलकुद संघको महत्वपूर्ण भूमिका भएकाले खेलकुद संघको क्षमता अभिवृद्धि गर्न नसके नीति कार्यान्वयनमा जोखिम रहने देखिन्छ ।

### ४.५.२ जोखिम व्यवस्थापनका उपायहरू:

(क) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्वन्ध) ऐन, २०७७ अनुसारको विषयगत समितिलाई प्रभावकारी बनाई समन्वय र अन्तरसम्वन्ध सुदृढ बनाइने छ ।

(ख) नीति कार्यान्वयनको प्रभावकारिताका लागि सम्वन्धित सरोकारवालाहरूसँग समझदारी र सहकार्यमार्फत नीति स्वीकारोक्तिको वातावरण बनाइने छ ।

(ग) यो नीति कार्यान्वयको लागि सरकारी, विकास साझेदार, निजी तथा वित्तीय क्षेत्रको स्रोतसमेत परिचालन गरिने छ ।

(घ) खेलकुदसँग सम्वद्ध निकाय र संघसस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।

## ५. नीति पुनरावलोकन

**५.१ अनुगमन तथा मूल्यांँकन:**

(क) यो नीतिको प्रभावकारी कार्यान्वयनको लागि युवा तथा खेलकुद मन्त्रालयको सचिवको संयोजकत्वमा "राष्ट्रिय खेलकुद अनुगमन समिति" गठन गरिनेछ । उक्त समितिमा राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटी, खेल विज्ञ, विश्व विद्यालयका प्रतिनिधि, खेल प्राविधिक समेतलाई समावेश गरिनेछ ।

(ख) आ-आफ्नो क्षेत्राधिकारभित्र पर्ने नीतिका प्रावधानहरूमा संघ, प्रदेश र स्थानीय तहका खेलकुद हेर्ने सम्वन्धित निकायले समेत अनुगमन तथा मूल्याङ्कन गर्नेछन् ।

**५.२ नीति परिमार्जन:** यो नीति नेपाल सरकारले आवश्यकता अनुसार पुनरावलोकन गरी परिमार्जन गर्नेछ।

**५.३ नीति खारेजी:**

**५.३.१** राष्ट्रिय खेलकुल नीति २०६७ लाई खारेज गरिएको छ ।

**५.३.२** राष्ट्रिय खेलकुद नीति २०६७ बमोजिम भए गरेका सम्पूर्ण काम कारवाहीहरू यसै नीति बमोजिम भए गरेका मानिने छ ।

**५.४ नयाँ नीति तर्जुमा** *:*

केन्द्रिकृत राज्य संरचना अनुसार कार्यान्वयनमा रहेको विद्यमान राष्ट्रिय खेलकुद नीति निर्माण गर्दाको वस्तुस्थिति र वर्तमान अवस्थामा सम्वोधन गरिनु पर्ने समस्याको बीचमा ठूलो अन्तराल देखा परेको, साविकको नीतिमा आंशिक सुधार वा परिमार्जनबाट विद्यमान खेलकुद क्षेत्रका समस्याको सम्वोधन हुने अवस्था नरहेको हुँदा संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तीनै तहका खेलकुदका संयन्त्र बीच समन्वय र सहकार्य गरी खेलकुद क्षेत्रको विकास र विस्तार गर्न साविकको राष्ट्रिय खेलकुद नीति २०६७ खारेज गरी यो राष्ट्रिय खेलकुद नीति २०८० जारी गर्नु परेको हो ।